ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

याम्बुनेर कथासङ्ग्रहका कथामा जनजातीय पहिचान

सुमित्रादेवी तामाङ,उप-प्राध्यापक नेपाली विभाग, भक्तपुर बहुमुखी क्याम्पस भक्तपुर, त्रिभुवन विश्वविद्यालय
sumighising9@gmail.com
ORCID ID : https://orcid.org/0009-0001-4746-6110

लेखसार

याम्बुनेर बिना थिङद्वारा लिखित कथासङ्ग्रह हो । मूलतः पहिचानसम्बन्धी कथा लेख्ने थिङका यस कथासङ्ग्रहमा जम्मा तेह्रओटा कथाहरू सङ्गृहीत छन् भने सातओटा कथाहरू जनजातीय पहिचानका दृष्टिकोणबाट अत्यन्तै महत्त्वपूर्ण छन् । यसमा तामाङ जनजातिका भाषा, संस्कृति, खानपान र पेसालाई मुख्य पहिचानका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत लेख यसैसँग सम्बद्ध रहेको छ । यसका लागि सांस्कृतिक अध्ययनमा प्रमुख मानिने पहिचानको सिद्धान्तलाई मुख्य सैद्धान्तिक अवधारणा बनाइएको छ र यसैमा आधारित भएर कथामा जनजातीय पहिचानको खोजी गरिएको छ । जनजातीय पहिचान पनि स्थान, समय, परिस्थिति र सन्दर्भ विशेषमा भिन्न भिन्न हुन्छन् । याम्बुनेर कथासङ्ग्रहमा रहेका कथाहरू तामाङ जनजातीय संस्कृतिसँग सम्बद्ध भएकाले प्रस्तुत लेख उक्त सङ्ग्रहका कथामा तामाङ जनजातीय पहिचान कसरी प्रकट भएको छ भन्ने कुरामा मात्र केन्द्रित भई तयार पारिएको छ । लेख तयार पार्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस क्रममा याम्बुनेर कथा सङ्ग्रहलाई सोद्देश्य नमुना छनोट विधिद्वारा मुख्य वा प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने पहिचानसम्बन्धी सिद्धान्तका पुस्तक तथा समालोचनात्मक लेखरचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । गुणात्मक पद्धतिमा आधारित प्रस्तुत लेखमा पाठविश्लेषण विधिलाई मुख्य विधि बनाई विषयविश्लेषण गरिएको छ र अन्ततः प्रस्तुत कथासङ्ग्रहका कथा जनजातीय पहिचानका दृष्टिकोणबाट अत्यन्त उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ ।

मुख्य शब्दहरू : उत्पीडन, उदीयमान, जनजातीयता, पहिचान, वर्चस्व

Article's information: Manuscript received: 2024/09/07, Date of review: 2024/12/15, Date of manuscript acceptance: 2025/02/06. Publisher: Sahayaatra, Nepal, Bhojpur, DOI: https://doi.org/10.3126/sahayaatra.v8i1.80934
Homepage: https://www.nepjol.info/index.php/sahayaatra. Copyright (c) 2025 Sahayaatra Journal.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

विषयपरिचय

प्रस्तुत लेख बिना थिङको याम्बुनेर कथासङ्ग्रहमा सङ्गृहीत कथामा जनजातीय पहिचानसम्बन्धी अध्ययनमा केन्द्रित छ । जनजातीय पहिचान भनेको जनजातिहरूको गुण वा विशेषतालाई चिनाउने परिचयात्मक चिह्न हो । यसको सम्बन्ध जनजातिहरूको भाषा, धर्म, इतिहास, भूगोल, संस्कृति आदिसँग हुन्छ र जनजातीय अध्ययनमा यसलाई महत्त्वपूर्ण अवधारणाको रूपमा लिइन्छ । कथाकार थिङले प्रस्तुत कथासङ्ग्रहमा तामाङ जनजातीय पहिचानलाई विभिन्न किसिमबाट प्रस्तुत गरेकी छन् । बिना थिङ वि. सं. २०६० को दशकमा नेपाली कथाक्षेत्रमा भिन्नै परिचय लिएर देखापरेकी कथाकार हुन् । समकालीन विषय र सन्दर्भमा केन्द्रित भई कथा लेख्ने उनी मूलतः तामाङ जनजातीय पहिचानसम्बन्धी कथा लेख्ने कथाकार हुन् । उनका कथामा विगतमा शासकीय वर्चस्वका कारण दमनमा परेका तामाङ जातिहरूको उत्पीडन, तामाङ जातिका परम्परागत संस्कार र संस्कृति तथा मूल्यमान्यता र उनीहरूका सामाजिक-आर्थिक अवस्थाका माध्यमबाट तामाङ जनजातीय पहिचानलाई प्रस्तुत गरिएका छन् । उनको याम्बुनेर (२०७७) कथासङ्ग्रहमा 'आनी पेमा', 'सिकोफाइभ', 'याम्बुनेर', 'भगवान निवास', 'आयाम', 'घडी फूल', 'ड्राइभरका आँखा', 'गंगारामको साइकल', 'गन्धे झार', 'आइतिमाया', 'जुनेदो', 'ब्याड भाले' र 'सिफनको फेरो' गरी तेह्रओटा कथाहरू सङ्कलित छन् । तीमध्ये 'आनी पेमा', 'याम्बुनेर', 'भगवान निवास', 'गंगारामको साइकल', 'आइतिमाया', 'ब्याड भाले' र 'सिफनको फेरो'मा तामाङ जनजातीय पहिचान सबल रूपमा देखापरेको छ ।

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

'आनी पेमा'मा तामाङ जनजातिको बौद्ध धर्मप्रतिको आस्था, तिनका गरिबी र धार्मिक अन्धविश्वास तथा खानपानको सन्दर्भबाट तामाङ जनजातीय पहिचानलाई देखाइएको छ। 'याम्बुनेर'मा पात्रको नामकरण, तिनको पेसा, खानपान र रहनसहनका माध्यमबाट तामाङ जनजातीय पहिचानको सघन चित्रण गरिएको छ भने 'भगवान निवास'मा पनि तामाङ जनजातिको पेसा, खानपान, जातीय संस्कार र गरिबीका माध्यमबाट तामाङ जनजातीय पहिचानको सघन चित्रण गरिएको छ । 'गंगारामको साइकल'मा तामाङ जनजातिमा प्रचलित डम्फु गीत र त्यसको उत्पत्तिको सन्दर्भ तथा अन्य जातिसँगको जातीय सम्बन्धका माध्यमबाट तामाङ जनजातीय पहिचानलाई सबल रूपमा प्रस्तुत गरिएको छ । 'आइतिमाया'मा तामाङ समुदायमा महिलाको स्थान, तिनले निर्वाह गर्ने अभिभावकीय भूमिका, चाडपर्व, खानपान, भाषा र पात्रको नामकरणद्वारा तामाङ जनजातीय पहिचानको सवलीकरण गरिएको छ। 'ब्याड भाले'मा तामाङ जनजातिमा महिलाको स्वतन्त्र अस्तित्वसम्बन्धी धारणा तथा पात्रको नामकरण, तिनका भाषा, रहनसहन, गरिबी र जीवन सङ्घर्षका सन्दर्भबाट जनजातीय पहिचानलाई सशक्त तुल्याइएको छ। 'सिफनको फेरो'मा चेलीबेटी बेचबिखनको सन्दर्भबाट तामाङ जनजातिको गरिबी, अशिक्षा, अन्धविश्वास तथा तिनका जातीय संस्कारलाई पहिचानका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा *याम्बुनेरमा* सङ्गृहीत यिनै सातओटा कथाहरूमा जातीय पहिचानलाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ। यस किसिमको विश्लेषण कार्य गर्नु प्राज्ञिक दृष्टिले आवश्यक र उपयोगी हुने भएकाले यसको औचित्य र महत्त्वको पुष्टि हुन्छ।

समस्याकथन र उद्देश्य

बिना थिङद्वारा लिखित "याम्बुनेर कथासङ्ग्रहका कथामा जनजातीय पहिचान" यस लेखको मुख्य समस्या हो। प्रस्तुत समस्याको निराकरणका लागि निम्नलिखित शोध्यप्रश्नहरूलाई आधार बनाइएको छ :

(क) कथामा केकस्ता सांस्कृतिक पहिचान अभिव्यक्त भएको छ ?

(ख) कथामा भाषिक पहिचान कसरी अभिव्यक्त भएको छ ?

(ग) कथामा खाद्य पहिचान र पेसागत पहिचान प्रस्तुत गर्नुको प्रयोजन के हो ?

उपर्युक्त प्राज्ञिक समस्याको समाधान खोज्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ । कथा विश्लेषणका विभिन्न पद्धति र सैद्धान्तिक आधार छन् । तीमध्ये जनजातीय पहिचान पनि एक हो । जनजाति समुदायभित्र राई, तामाङ, गुरुङ, मगर, लिम्बू आदि भिन्नाभिन्नै संस्कृति भएका मानिसहरू पर्दछन् र तिनका आ-आफ्नै सांस्कृतिक पहिचान छन् तसर्थ प्रस्तुत लेख तामाङ जनजतीय पहिचानसँग मात्र सम्बन्धित रहेको छ । त्यसका लागि पहिचानसम्बन्धी अवधारणालाई मुख्य सैद्धान्तिक अवधारणा मानिएको छ । विश्लेषणका लागि छनोट गरिएका *याम्बुनेर* कथासङ्ग्रहमा तेह्रवटा कथाहरू रहेका भए पनि जनजातीय पहिचानका दृष्टिकोणले सबल रहेका 'आनी पेमा', 'याम्बुनेर', 'भगवान निवास', 'गंगारामको साइकल', 'आइतिमाया', 'ब्याड भाले' र 'सिफनको फेरो' गरी सातओटा कथाको मात्र विश्लेषण गरिएको छ।

अध्ययन विधि

याम्बुनेर कथासङ्ग्रहका कथामा जनजातीय पहिचान शीर्षकको प्रस्तुत लेख तयार पार्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन्। प्राथमिक सामग्रीका रूपमा सोद्देश्य नमुना छनोट विधिबाट बिना थिङको *याम्बुनेर* कथासङ्ग्रहलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा जनजातीय अध्ययन र यसका सिद्धान्तसम्बन्धी तयार पारिएका विभिन्न पुस्तक तथा समालोचनात्मक लेखहरूको उपयोग गरिएको छ। गुणात्मक पद्धतिमा आधारित यस लेखमा पाठविश्लेषण विधिको उपयोग गरिएको छ । यस विधिअन्तर्गत विषयविश्लेषणलाई मुख्य विधि बनाइएको छ भने आवश्यकताअनुसार वर्णनात्मक विधिको पनि उपयोग गरिएको छ।

सैद्धान्तिक अवधारणा

पहिचान सांस्कृतिक अध्ययनको मूल अवधारणा हो । यसले व्यक्ति वा समूहको गुण, विश्वास, व्यक्तित्व, विशेषता, उपस्थिति र अभिव्यक्तिलाई बुझाउँछ । यसको सम्बन्ध राजनीति र संस्कृतिसँग हुन्छ तसर्थ यसलाई

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

स्थानीयकरण र विश्वव्यापीकरणको माध्यमबाट उदीयमान सांस्कृतिक राजनीतिक दृष्टिकोणबाट हेर्नुपर्छ (हल, २०१९, पृ. ६३) । पहिचान सांस्कृतिक अभ्यासको रूपमा देखापर्छ र यो अन्यसँगको सम्बन्धबाट चिनिन्छ (पूर्ववत्, पृ. ६४-६५) । अर्को प्रकारबाट भन्नुपर्दा पहिचान सङ्केतक हो र यसको निर्माण भिन्नताको माध्यमबाट सङ्कथनभित्र हुन्छ । पहिचानले कुनै पनि व्यक्ति कुन लिङ्ग, धर्म, भाषा, राष्ट्र तथा सांस्कृतिक समूहसँग सम्बद्ध छ भन्ने कुरालाई बुझाउँछ ।

पहिचानको अवधारणा सन् १९९० पछि सांस्कृतिक अध्ययनको प्रमुख केन्द्रका रूपमा विकसित भएको हो । कुनै पनि समूहको पहिचान दैनिक भाषामा समावेश हुन्छ र सांस्कृतिक अध्ययनभित्र यसको अध्ययन गरिन्छ (बार्कर, सन् २००४, पृ. ९३) । यसले पहिचान निर्माणको स्रोत सांस्कृतिक चरित्रमा हुने कराको सङ्केत गरेको छ, जुन व्यक्तिहरूको सांस्कृतिक वर्णनसँग सम्बन्धित हुन्छ । पहिचान समानता र भिन्नता तथा व्यक्तिगत र सामाजिक पक्षसँग सम्बन्धित हुन्छ र यो हामीलाई भावनात्मक रूपमा उपलब्ध हुन्छ । त्यसैले पहिचानको खोजी एक अधिक विशेष रूपदेखि मनोविश्लेषणात्मक अर्थमा गरिनुपर्छ (पूर्ववत्, पृ. ९२) । पहिचान सामाजिक-सांस्कृतिक निर्मिति हुने हुनाले यसले कुनै पनि व्यक्ति कुन सांस्कृतिक समूहको हो भन्ने कुराको बोध गराउँछ । अर्को शब्दमा भन्दा व्यक्तिको परिचय नै उसको पहिचान हो । यसले व्यक्ति कुन भाषा बोल्छ, ऊ कुन धार्मिक-सांस्कृतिक समुदायको हो र कुन संस्था वा व्यवसायसँग आबद्ध छ भन्ने कुरालाई बुझाउँछ (उप्रेती, २०६८, पृ. २७६) । यसर्थ पहिचानले व्यक्तिको भाषा, धर्म, संस्कृति, व्यवसाय आदिको प्रतिनिधित्वलाई बुझाउँछ । यो विमर्शको निर्मिति हो । यसले विमर्श बोल्ने तरिका वा प्रतिनिधित्व वा विशिष्ट विषयको ज्ञानलाई चिनाउँछ (भट्टराई, २०७७, पृ. १७८) । यही विशिष्टताका आधारमा यसलाई वैयक्तिक, सांस्कृतिक, व्यावसायिक, धार्मिक, लैङ्गिक, जातीय, तथा जनजातीय पहिचान आदिका रूपमा छुट्याउन सकिन्छ (घर्ती, २०८१, पृ. ६७) । यस्तो पहिचान कृतिमा पात्र तथा समाख्याताका भाषा, तिनको सामाजिक-सांस्कृतिक अनुभूति तथा जीवन निर्वाह र खानपानका शैलीका माध्यमबाट प्रकट भएको हुन्छ ।

जनजातीय पहिचान जनजातिहरूको गुण वा विशेषतालाई चिनाउने परिचयात्मक चिह्न हो । यसको सम्बन्ध स्वतः जनजातीय संस्कृतिसँग हुन्छ भने सामाजिक-राजनीतिक पक्षसँग पनि हुन्छ र जनजातीय अध्ययनमा यसलाई महत्त्वपूर्ण अवधारणाको रूपमा लिइन्छ । जनजाति शब्दले एउटै र विशिष्ट संस्कृति मान्ने, एकै जाति र एकै राष्ट्रियता भएको मानिसको समूहलाई बुझाउँछ (पौड्याल, २०७०, पृ. १४१) । यस समूहका मानिस कुनै एक निश्चित भूभागमा बसोबास गर्छन् भने यिनीहरूको वंशप्रणाली रक्तसम्बन्धमा आधारित हुन्छ । समुदायका सबै सदस्यले एउटै सामान्य भाषा बोल्छन् र यिनीहरूबीच एकताको भावना हुन्छ साथै आफ्नो छुट्टै राजनीतिक सङ्गठनसमेत हुन्छ । जनजातिहरूको पहिचान तिनको भाषा, धर्म, जन्मदेखि मृत्युसम्म गरिने कर्मकाण्ड तथा सामाजिक संस्कार र खानपानका माध्यमबाट प्रकट हुन्छ । यसले तिनलाई समाज वा राष्ट्रमा छुट्टै अस्तित्वका रूपमा खडा गर्दछ । जनजातीय पहिचान तिनको भूमि वा बासस्थान र पेसासँग पनि जोडिएर आउँछ । जनजातीय पहिचानसम्बन्धी अध्ययनमा कृतिमा यी कुराहरूलाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको खोजी गरिन्छ । जनजातीय पहिचान वा जनजातीयता सामाजिक-ऐतिहासिक र सांस्कृतिक परिवेशमा आधारित हुने हुनाले परिस्थितिअनुसार त्यो भिन्न भिन्न हुने गर्दछ । राई, लिम्बू, मगर, गुरुङ, तामाङ आदि समग्र जनजाति समुदाय भए पनि तिनको स्वपहिचानमा भिन्नता छ (भट्टराई, २०७७, पृ. १५८) । यसो हुनाले तिनको अध्ययन सामाजिक-सांस्कृतिक अवस्था र भौगोलिक तथा राजनीतिक परिवेश जस्ता भिन्नाभिन्नै परिस्थितिका आधारमा गर्नुपर्ने हुन्छ । विश्लेषणका लागि छनोट गरिएका प्रस्तुत *याम्बुनेर*का कथा तामाङ जनजातीय पहिचानसँग सम्बद्ध भएकाले यसै आधारमा विश्लेषण गरिएको छ ।

विश्लेषण र नतिजा

याम्बुनेर जनजातीय पहिचानका विषयलाई समेटिएको कथासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा मूलतः तामाङ जनजातीय पहिचानका कुराहरूलाई समेटिएको छ । तामाङ जनजातिहरूको आफ्नो छुट्टै मौलिक संस्कृति रहेको छ । ती कुराहरू भाषा, धर्म, संस्कृति, रहनसहन, खानपान र पेसाका माध्यमबाट झल्किने

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

गर्दछ। प्रस्तुत कथासङ्ग्रहका कथाहरूमा यिनै कुराहरूलाई प्रमुख पहिचानका रूपमा प्रस्तुत गरिएको छ। कथामा यी कुराहरू कसरी प्रस्तुत भएका छन् भन्ने कुरालाई छुट्टाछुट्टै शीर्षकमा राखेर विश्लेषण गर्नु उपुक्त ठहर्दछ।

सांस्कृतिक पहिचान

संस्कृति जनजातिहरूको अर्को मुख्य पहिचान हो । यिनीहरूको आफ्नो छुट्टै रीतिथिति, संस्कृति र चाडपर्वहरू छन्, जन्म र मृत्यु सम्बन्धी गरिने कर्मकाण्डहरू छन् । यिनै कुराहरूले यिनीहरूको भिन्न संस्कृतिको निर्माण गरेको छ र समाजमा छुट्टै सांस्कृतिक पहिचान बनाएको छ। संस्कृतिको निर्माण व्यक्तिले बोल्ने भाषासँगै उसले अपनाएको धर्म, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यवसाय वा पेसा र उसका अन्य सम्बन्धहरूबाट हुन्छ (गिरी, २०७०) । संस्कृतिभित्र खानपान, भेषभुषा र जीवनपद्दति पनि पर्दछ । *याम्बुनेर*का कथामा तामाङ जनजातिको मौलिक तथा वास्तविक जीवनपद्धतिको चित्रणद्वारा विविध किसिमका जनजातीय सांस्कृतिक पहिचानलाई प्रस्तुत गरिएको छ।

तामाङ जनजातिमा आफ्नो शुभअशुभ काममा लामा पढाएर पूजापाठ गरी शुद्ध हुने परम्परा रहेको छ। यो उनीहरूको परम्परागत संस्कृति हो भने यसले समाजमा तामाङ जनजातिको छुट्टै पहिचान निर्माण गरेको छ। जुन कुरा 'भगवान निवास' कथामा यसरी अभिव्यक्त भएको छ :

> पिँढीमा लस्करै बसेका थिए लामा म्हेमेहरू । घरमा डोमाङ पूजा थियो । उनीहरूले तीन घण्टा लगाएर पढिसकाए डोमाङ। डोमाङ पढिसकेपछि बिस्तारै छ्योई पट्याए। पट्याइएका छ्योई पहेँला कपडामा बेरे। यतिन्जेलमा मूल लामाले तितेपाती राखिएको बुम्बाबाट जल झिकेर घरको चोटाकोठा सबैतिर छर्किएपछि भने– 'अब पवित्र भयो यो घर। जुन भूमिमाथि यो घर बनेको छ, त्यसमाथि पहिलो अधिकार भगवानको हुन्छ ...।'
>
> लामाले आँगनको बीच भागमा दर्ज्यु गाडे। दर्ज्युको टुप्पोमा बाँधिएको लुङ्दर तनक्क तन्काएर फहराइयो। (पृ. ६५-६६)

प्रस्तुत साक्ष्यले लामा पढाउने तामाङ जनजातीय संस्कृतिलाई पहिचानको रूपमा प्रस्तुत गरेको छ। प्रस्तुत कथामा भगवान नामक 'म' पात्रले नयाँ घर निर्माण गरेको छ र शुभसाइतका लागि डोमाङ पढाएको छ। नयाँ घरमा प्रवेश गर्नुअघि लामाद्वारा डोमाङ पूजापाठ गराउनुपर्छ अनि मात्र घर पवित्र वा शुद्ध हुन्छ भन्ने सांस्कृतिक मान्यता तामाङ जनजातिमा रहेको छ। डोमाङ पूजाको आफ्नै विधि हुन्छ जुन विधि लामाद्वारा गरिन्छ। प्रस्तुत साक्ष्यमा वर्णित डोमाङ पाठ, छ्योईको प्रयोग र यसलाई राख्ने विधि, तितेपाती राखिएको बुम्बा अर्थात् कलशको जलले घर चोख्याइने प्रचलन र आँगनको बीचमा गाडिएको दर्ज्युले तामाङ जनजातीय पहिचानलाई प्रष्ट पारेको छ। यसैगरी जनजातिहरू एकआपसमा भेला भएर चाडपर्व जस्ता लोकसंस्कृति मनाउने प्रचलन पनि रहेको छ । यसलाई 'आइतिमाया' कथामा यसरी अभिव्यक्त गरिएको छ :

> भरे त साँझ लुतो फाल्नु छ। आइतिमाया लुतो फाल्ने सामान खोज्न जङ्गल पसी। छिमेकीहरू अघि नै निस्किसकेछन्। बाटोमा कोही पनि भेटिएनन्। आ, जे त पर्ला ! ऊ एक्लै निकै टाढा, जङ्गलको निकै माथिसम्म पुगी। म्रेतेते, चन्चुवा, म्हाङ घोजालगायत भेला पार्न एक घण्टै लाग्यो होला। जङ्गली कुरिलो अझै भेटाएकी थिइन। हत्तपत्त भेटिने पनि होइन।...
>
> आइतिमायाले दिउँसो ल्याएका सामग्रीहरू छ्वालीमा मिसाएर आगो सल्काई। भान्छा, चोटाकोटा जताततै धुवाँ लगाई।
>
> 'लु कोन्जोसोम, यो घरको लुतोसुतो सप्पै भगाइदेऊ !' आइतिमायाले प्रार्थना गरी।...
>
> केटाकेटीहरूले नाङ्लो ठटाए । सल्किरहेको बाँकी छ्वाली लिएर ती सबै दोबाटोमा पुगे । छिमेकका अरूहरू पनि जम्मा भए। (पृ. १२२-१२३)

प्रस्तुत कथांश साउने सङ्क्रान्तिको दिन गाउँघरमा आगो बालेर लुतो फाल्ने अनि घरमा खुसियाली मनाउने परम्परागत सांस्कृतिक लोकप्रचलनसँग सम्बद्ध छ । यो चाड जनजाति समुदायका मानिसले धुमधामले मनाउने गर्दछन् । प्रस्तुत साक्ष्यमा छिमेकका सबैजना जम्मा भएर लुतो फालिएको प्रसङ्गबाट जनजातिहरूको पहिचान

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

सामूहिकतामा रहने कुराको सङ्केत गरिएको छ । त्यसैगरी यसले जनजातिहरूको प्रकृतिसँगको निकटतालाई पनि नजाएको छ। कथामा वर्णित लुतो फाल्ने सामग्री जङ्गलबाट ल्याइएका सन्दर्भले संस्कृति प्रकृति र पूर्खाको ईश्वरीय शक्तिमाथि पूर्ण रूपमा निर्भर हुने कुरालाई पनि जनाइएको छ । माथिको उदाहरणमा प्रस्तुत कोन्जेसोम अर्थात् तामाङहरूको पितृलोकले सबै सामग्री भेला पारेर आगो बाली धुवाँ लगाइदिएपछि लुतो भगाउन गरिएको अनुरोधले जनजातिहरूको जीवननिर्वाहमा प्रकृति र देवीदेउता महत्त्वपूर्ण रहेको कुराको उल्लेखसँगै मानव समाजमा प्रचलित अनेक किसिमको देवीदेउतालाई भाकल नगरी आ^oनै पूर्वजहरूलाई भगवान् मान्नु तामाङ जनजातिहरूको छुट्टै पहिचान हो भन्ने कुरालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ । यसका साथसाथै तामाङ जनजातिमा घरपरिवारमा महिलाको भूमिका प्रमुख हुने अर्थात् महिलाले नै अभिभाकीय भूमिका निर्वाह गर्ने कुरालाई पनि आइतिमायाले आफै जङ्गल गएर पूजाको सामग्री खोजेर ल्याएको र पूजाको सम्पूर्ण कार्य पनि आफैले गरेको प्रसङ्गबाट प्रस्तुत गरिएको छ। यसले यस समुदायमा महिलाको अस्तित्वलाई उच्च ठान्ने सांस्कृतिक पहिचानलाई देखाएको छ।

तामाङ जनजातिको अर्को प्रमुख संस्कृति लोकपरम्परा वा लोकसंस्कृति पनि हो । यस परम्परामा डम्फुलाई महत्त्वपूर्ण मानिन्छ। यस समुदायका मानिसले आ^oना प्रत्येक चाडपर्व, बिहे, जात्रा आदिमा डम्फु बजाएर गीत गाउँदै नाच्ने तथा डम्फूकै ताल र गीतको भाकामा आ^oनो जातीय इतिहास र डम्फूको उत्पत्तिको कथासमेत भन्ने प्रचलन रहिआएको छ । यस समुदायमा डम्फुको महत्त्व कति रहेको छ भन्ने कुराको वर्णन 'गंगारामको साइकल' कथामा यसरी गरिएको छ :

> गंगारामले कोइरालाको रुख ढाल्यो । आपाले आ^oनो ढाकरबाट घोरलको छाला झिक्नुभयो । चौधरीको काष्ठकला बेजोडको रहेछ । उसले कोइरालाको काठलाई सिनित्त पारेर बाटुलो आकारमा दोबाऱ्यो । त्यसपछि आपा र गंगाराम मिलेर घोरलको छाला कोइरालाको काठमा मोहरे । त्यसरी मोहरेको छाला नफुस्कियोस् भनेर त्यसमा बत्तीसवटा बाँसका किला ठोके । ... चिटिक्कको डम्फु तयार भएपछि भने आपाको आँखाको चमक बढेर गयो। ...
>
> आपाले विस्तारै डम्फुबाट ताकधुङ ताकधुङको ताल निकाल्न थाल्नुभयो। त्यही तालसँगै एउटा रङ्गीन चरा उड्दै आएर डम्फुमाथि टक्क अडियो र फुर्रफर्र गर्दै नाच्न थाल्यो । गंगारामका गोडाहरू अनायासै ताकधुङ ताकधुङको तालमा हल्लिन थाले । डम्फुको ताल यति बेजोडको थियो जङ्गलका अरू चराचुरुङ्गीहरू पनि नाच्न थाले। फूलहरू फक्रिए। ... एकदमै मनोरम वातावरण सिर्जना भयो। (पृ. १०९-११०)

प्रस्तुत साक्ष्यले डम्फुको निर्माणकलाका ऐतिहासिक कथा प्रस्तुत गर्नुका साथै यसबाट निस्किने सङ्गीतको बेजोड तालले मान्छेलाई कसरी मनमोहक तुल्याउँछ र अनायासै तिनका गोडालाई नचाउँछ। यतिमात्र होइन सारा वातावरणलाई रमणीय तुल्याउँछ र सबैमा अथाह सिर्जनाशक्ति भरिदिन्छ भन्ने सन्दर्भका माध्यमबाट तामाङ जनजातिका लागि डम्फु जीवनको उत्प्रेरणा हो भन्ने कुराको सङ्केत गर्दै डम्फुलाई प्रमुख सांस्कृतिक पहिचानका रूपमा प्रस्तुत गरिएको छ । लोकसंस्कृतिमा यसको छुट्टै महिमा छ । यसले तामाङ समुदायका मानिसलाई अन्य समुदायसँग जोडेर राखेको छ। प्रस्तुत साक्ष्यमा वर्णित आपा र गंगाराम मिलेर डम्फु बनाउनु र डम्फुबाट निस्किएको ताकधुङको तालमा गंगारामको गोडा हल्लिनुले यसै कुराको सङ्केत गरेको छ । यसरी कथामा डम्फु तामाङ जनजातिको सांस्कृतिक पहिचान हो भन्ने कुरालाई देखाइएको छ । तामाङ जनजातिको अर्को प्रमुख सांस्कृतिक पहिचान मृत्यु संस्कार पनि हो । यस समुदायमा मानिसको जन्म र मृत्युलाई ज्यादै महत्त्वपूर्ण ढङ्गले लिइन्छ । 'सिफनको फेरो' कथामा मृत्युसम्बन्धी संस्कारको चित्रण यसरी गरिएको छ :

> आपाको घेवा गर्नुपर्ने भयो। सेर्मोकी आमाले औंला भाँचिन्। हिसाब-किताबमा छिमेकका काकाले सघाए।
>
> तीन दिन, दुई रात लाग्छ विधिवत घेवा गर्न। छ छाक त पाँचदेखि सातजना लामालाई खाना खुवाउनुपर्छ, पूजा होइन्जेल। दान-दक्षिणा दिनुपर्छ। आस्याङ खदकमा सगुन लानुपर्छ। घर, गाउँले सबैलाई एक दिन पूरै चामलको भात, आलु-सिमीको तरकारी खुवाउनु पर्छ। तीन मुरी कोदोको त रक्सी मात्रै पार्नुपर्छ। मकैको जाँड चारवटा घ्याम्पामा राख्नुपर्छ। (पृ. ५७)

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

प्रस्तुत साक्ष्यबाट तामाङ जनजातिको मृत्यु संस्कारले पनि तिनीहरूको भिन्न पहिचान निर्माण गरेको कुरा प्रष्ट हुन्छ । यस जातिमा आफन्तको मृत्युलाई बडो महत्त्वका साथ लिने कुरालाई सेर्मोका आपाको मृत्यु भएपछि सम्पूर्ण आफन्तजन र छरछिमेकीलाई बोलाएर खुवाउनुपर्ने, लामा पढाउने र दानदक्षिण दिने तथा आस्याङ खलक अर्थात् मावली पक्षलाई सगुन लैजानुपर्ने सन्दर्भले स्पष्ट पारेको छ । यस किसिमको प्रचलन बढी खर्चिलो हुने भए पनि यसले मृतकको परलोक सुखको कामना गर्दछ । मृतकप्रति आफन्तजनको अगाध प्रेम, स्नेह र सहानुभूति झल्काउने यस्तो किसिमको संस्कारले समाजमा तामाङ जनजातिको छुट्टै पहिचान निर्माण गरेको छ ।

भाषिक पहिचान

भाषा जनजातिहरूको मुख्य पहिचान हो । व्यक्तिले बोलेको भाषाले ऊ कुन समुदाय वा जातिको हो भन्ने कुराको पहिचान दिलाउँछ । पहिचान निर्माणमा व्यक्तिले सम्पादन गर्ने कार्य मात्र नभएर उसले बोल्ने भाषा उत्तिकै महत्त्वपूर्ण हुन्छ । (गिरी, २०७०) । जनजाति समुदायभित्रका प्रत्येक जातिहरूले छुट्टाछुट्टै भाषा बोल्छन् भने उक्त भाषाले वक्ताको जातीय पहिचान खुलाएको हुन्छ । तसर्थ भाषा जनजातिहरूको मुख्य पहिचान हो । *याम्बुनेर*का विभिन्न कथाहरूमा तामाङ जनजातिको मातृभाषाको प्रयोग ठाउँठाउँमा गरिएको छ । यसले एकातिर कथालाई जीवन्त तुल्याएको छ भने अर्कातिर जातीय पहिचान दिलाएको छ । 'आनी पेमा' कथामा प्रयुक्त "'थ ख्वागो । दरेम् याङ्ला म्हेन्दो आनी दोसेला मुला । साङ्गेला मोलम याङला दरेम् । ... (पृ. २१) ।'" भन्ने वाक्यले तामाङ जातिको भाषिक पहिचान दिलाएको छ । यो सिङ्गो समाजमा तामाङ जनजातिले मात्र आफ्नो परिवार वा समुदायमा बोल्ने भाषा हो तसर्थ यो तामाङ जनजातिको पहिचान हो । यस्तै किसिमको भाषिक प्रयोग 'ब्याड भाले' कथामा यसरी गरिएको छ :

> 'आङा, एला रेम्बो काशिमररी क्यार मुला रो । थेदा ऊ आताङनि रो । ऊ मुदेदोना दिमरि दोसि आखासेला पाङबा मुला रो ।'...
>
> 'डाला म्हेन्दोला फोले राम्बा जोमेला ल्हुई बर्बाद लाजि । पापी असत्ती !' ज्वाईलाई सराप्दै आमा रोइन् ।
>
> 'खाम्देदोना दिमनाम लासि चाउ । आखाम्साम् एदा ताङबा खाल्दो मुसाम् ब्रेल्साङ लासान् ताला जामे ।' (पृ. १४६)

माथिका साक्ष्यमा तामाङ परिवार आफूआफू जमघट भएको बेलामा आफ्नै मातृभाषामा दुःखसुखका बारेमा कुरा गर्ने क्रममा तामाङ भाषाको प्रयोग गरिएको छ । यसले तामाङ जनजातिलाई तामाङ भाषामै कुरा गर्न सहज हुने कुराको पुष्टि गरेको छ । सहजता तिनको मौलिकतासँग जोडिएको हुन्छ भने मौलिकता पहिचानको रूपमा परिचित भएको हुन्छ । अर्को कथा 'सिफनको फेरो'मा प्रयुक्त "'आङीला छे फादोला । पासाङसे दिमरि रो लाला । ए आङीतेन् निउ । आसेम् थेरी गे याङबा मुला । गे लाउ । जाजाकार टाँगा पुईहाउ (पृ. १६६) ।'" ले पनि तामाङ जनजातिको भाषिक प्रयोग र तिनको पहिचानलाई स्पष्ट पारेको छ ।

माथिका साक्ष्यहरूमा प्रस्तुत गरिएका भाषाको प्रयोग संसासरभरिमा तामाङ जनजातिले मात्र गर्ने हुनाले यसलाई तामाङ भाषा भन्ने गरिन्छ । यसरी यस भाषाले तामाङ भाषाका रूपमा परिचित हुनु भनेको तामाङ जनजातिको पहिचान दिलाउनु हो । हुन त तामाङ बस्तीमा बसोबास गर्ने अन्य जाति र यसका बारेमा अध्ययन गर्ने विदेशीले पनि यस भाषाको प्रयोग राम्रोसँग गर्ने गरेको पाइन्छ । यद्यपि उनीहरूले बोलेको उक्त भाषालाई उनीहरूको आफ्नो भाषा भनिन्दैन, उनीहरूले तामाङ भाषा बोले भन्ने गरिन्छ । यस्तो भनिनुले भाषा कुनै पनि जातिको पहिचान निर्माणका प्रमुख तत्त्व हो भन्ने कुरालाई जोड दिएको छ । यसरी माथि प्रस्तुत उदाहरणमा तामाङ जनजातिले बोल्ने भाषिक शैली र शब्द प्रयोग कथामा मुख्य पहिचान बनेर आएको छ ।

खाद्य पहिचान

खानपानसँग सम्बन्धित कुराहरूले खाद्य पहिचानको निर्माण गर्दछ । जनजातिहरूका आफ्नै किसिमका खाद्य परम्परा र सामग्रीहरू छन् । प्रकृतिमा निर्भर यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो भने खानपान पनि यसैसँग जोडिएर आएको देखिन्छ । यीबाहेक हावापानी र सांस्कृतिक मूल्यमान्यताले पनि खानपानको निर्धारण गरेको देखिन्छ । यी सबैलाई हेर्दा यिनीहरूका प्रमुख खाद्य पदार्थ कृषिबाट उत्पादित सामग्रीहरू देखिन्छन् भने माछामासु र

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

जाँडरक्सीको प्रयोग पनि गर्ने गरेका पाइन्छन् । प्रायः अन्य समुदायका मानिसले जाँडरक्सी र गाईगोरु तथा सुँगुरको मासुलाई अखाद्य, अपवित्र र कानुनी रूपमा वर्जित गरिएको भनेर घृणा र अपराधको दृष्टिकोणले हेर्ने गरेको पाइए पनि पहाडी भूभागमा बसोबास गर्ने यिनीहरूले परम्परादेखि जाँडरक्सी बनाउने, गाईवस्तु र सुँगुरकुखुरा पाल्ने हुनाले प्रमुख खाद्य पदार्थका रूपमा यिनै कुराहरूको प्रयोग बढी मात्रामा गर्ने गरेको पाइन्छ । तसर्थ प्रस्तुत कथासङ्ग्रहका कथामा यस्ता खाद्य प्रकार नै जनजातिहरूको प्रमुख खाद्य पहिचान हुन् भन्ने कुरालाई जोड दिन विभिन्न घटना र सन्दर्भका माध्यमबाट प्रस्तुत गरिएको छ । 'भगवान निवास' कथामा तामाङ जनजातिको खाद्य पहिचानको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ ः

> यादव सरले छेड हान्न भ्याइहाले- 'त आज घरपैंचो लगाइहालिछस् । त हामीलाई किन डाकेन हँ भगवान ? त के तिम्रो घ्याम्पाको निङ्गार सकिएर जाला भनेर डराइहालेको ?'
>
> यी दुई मास्टर बेस्सरी जाँड पिउँछन् भन्ने गाउँका सबैजसोलाई थाहा छ । स्कूल छुटेपछि गाउँलेहरूका घरघर जाँडपानी पिउन लुसुक्क निस्कन्छन् । तामाङहरूको गाउँघर, सबैकहाँ धेरथोर जाँड राखेकै हुन्छ । पाहुनापाछा आउँदा सत्कार जाँडैले नगरी हुन्न । मसँग यिनले व्यङ्ग्य गरेजस्तो गरेर धक नमानी गुनासो पोखेकै हुन् ।
>
> 'त्यस्तो हैन मास्टरसाप । यसो इष्टमित्र, पाहुनापासो मात्रै डाकेको हो आज बिदा नै रहेछ । हिँड्नुस् न घरै जाऊँ ! म कन्जुस मान्छे हैन । फेरि हाम्रो संस्कारमा पाहुना सत्कार जाँडरक्सीले नै गन्छि । फेरि तपाईंहरू कति नै पिउनुहुन्छ र ? एक बोत्तल ?' मैले मिजास देखाएँ । (पृ. ६७)

माथिको साक्ष्यमा तामाङ जनजातिको एउटा प्रमुख खाद्यवस्तु जाँडरक्सी हो भन्ने कुरालाई पहिचानको रूपमा प्रस्तुत गरिएको छ । यिनीहरू हरेक शुभ अशुभ कार्यमा सगुन तथा प्रसादको रूपमा तथा पाहुनापात, खरखेताला, आफन्त र इष्टमित्रको सत्कार गर्ने प्रमुख खाद्य पदार्थका रूपमा जाँडरक्सीको प्रयोग गर्छन् । त्यसैले हरबखत यिनीहरूका घरमा धेरथोर रूपमा जाँड राखिएकै हुन्छ । अन्य समुदायका मानिसहरूले जाँडरक्सीलाई अपवित्र र अखाद्य मानेर घृणा गरे पनि यिनीहरू भने प्रमुख खाद्य प्रकारका रूपमा प्रयोग गर्छन् । त्यसैले प्रत्येकजसो घरमा जाँड राखिएकै हुनु यिनीहरूको जातीय पहिचान हो । माथि उदाहरणमा प्रयुक्त घरपैंचोमा इष्टमित्र तथा पाहुनापासो बोलाइएको प्रसङ्गबाट र उनीहरूलाई जाँडरक्सीले सत्कार गर्ने सन्दर्भबाट यिनीहरू कुनै पनि कार्य सामूहिक रूपमा गर्ने र नरनाता, इष्टमित्र भेला भएर खुसीयाली मनाउने र प्रसादका रूपमा जाँडरक्सी ग्रहण गर्ने गर्छन् । यसले अरुले हेला र घृणा गर्ने गरेको जाँडरक्सी यिनीहरूका लागि अमृततुल्य पवित्र खाद्यवस्तु हो भन्ने कुरामाथि जोड दिएको छ ।

नेपाली समाजमा अन्य जातिले हेय र आपराधिक दृष्टिले हेर्ने तथा घृणा गर्ने गरेको तर जनजातिहरूले विशिष्ट ठान्ने गरेको अर्को खाद्यवस्तु गोरुको मासु पनि हो । जातीय वर्चस्व भएको हिन्दू राज्यव्यवस्थामा कानुनी रूपमै वर्जित गरिएको गोरुको मासु जनजाति समुदायमा पाहुनापात र इष्ट देवतालाई खुशी तुल्याउने सबैभन्दा महत्त्वपूर्ण खाद्य पदार्थ हो । तामाङ जनजाति पनि यसलाई कसरी रूचिपूर्वक मिष्ठान्न भोजनका रूपमा प्रयोग गर्छन् भन्ने कुरा 'ब्याड भाले' कथामा आएको "आमा लिस्नु चढेर बुइगलमा गइन् । सन्दुक उघारिन् । ध्वाँसो परेको कपडाको पोको झिकेर खोलिन् । पाहुना सत्कार गर्न साँचेको गोरुको सुकुटी थियो । चार सिल झिकिन् । यतिले बेलुकाको भान्छा मगमगाउने भइहाल्यो । स्याङ्म्हेन्दोकी आमाको अनुहारमा सुनौलो सूर्यमुखी झपक्कै फक्रियो (पृ. १४५) ।" भन्ने प्रसङ्गले तामाङ जनजातिमा गोरुको मासु कति महत्त्वपूर्ण छ भन्ने कुरालाई पुष्टि गरेको छ । प्रायः दुर्गम तथा ग्रामीण पहाडी भूभागमा बसोबास गर्ने यस जातिका मानिसले छोरीचेली तथा पाहुनालाई स्वागत गर्न गोरुको मासुको सुकुटी जोहो गर्नुपर्ने बाध्यतासँगै पाहुना स्वागत गर्ने प्रमुख मिष्ठान्न खाद्यवस्तुका रूपमा गोरुको मासुलाई चिनाएको छ । बेलुकाको भान्छा मगमगाउने भयो भन्ने सन्दर्भले यसै कुराको पुष्टि गरेको छ । "तातो ढिँडो र मासुबाट निस्किएको बाफले घरको चोटाकोठा मगमगाए । स्याङ्म्हेन्दोले लोग्नेको कुरा केही बेरलाई बिर्सिदिई अब । बरू अघिपछिको भन्दा आज गोरुको मासु बढ्तै मीठो पो लाग्यो (पृ. १४७) ।" भन्ने भनाइले गोरुको मासु तामाङ जनजातिको प्रमुख खाद्य परिकार रहेको कुरामाथि अझ बढी जोड दिएको छ । यसका साथै अर्को खाद्यवस्तु

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

ढिँडोको चर्चाले यस जातिले खाना वा भातको रूपमा ढिँडोको प्रयोग गर्ने कुरालाई पनि चिनाएको छ । यसरी कथामा गारुको मासु, ढिँडो र जाँडरक्सी तामाङ जनजातिको मुख्य खाद्यपहिचानको विषयलाई प्रस्तुत गरिएको छ।

पेसागत पहिचान

पेसा जीविकाको माध्यम हो तसर्थ यो आर्थिक उपार्जनसँग सम्बन्धित हुन्छ । जनजातिहरूको पेसा, व्यवसाय वा रोजगारीको सन्दर्भ आर्थिक लेनदेन भन्दा पनि जीवननिर्वाहमुखी हुने हुनाले सामुहिक जीवनपद्धति र सहयोगको आदानप्रदानसँग सम्बन्धित हुन्छ। यिनीहरूले अपनाउने पेसा भू-क्षेत्र र विशिष्ट सांस्कृतिक चालचलनबाट निर्देशित हुन्छ (यात्रु, २०७८, पृ. १०५) । यसो हुनाले जनजातिहरूले मूलतः परम्परागत कृषि, पशुपालन तथा जाँडरक्सी बनाएर बेच्ने कार्यलाई मुख्य पेसाका रूपमा अपनाएका हुन्छन् भन्ने कुरालाई देखाउन कथामा पेसागत पहिचानलाई प्रस्तुत गएिको छ । पछिल्लो समयमा भने सांस्कृतिक रूपान्तरण, नयाँ शासनप्रणाली आदिका कारण जनजातिहरू वैदेशिक रोजगारी र अन्य पेसामा पनि आबद्ध हुन थालेको देखिन्छ । *याम्बुनेर*का कथामा तामाङ जनजातिले पहिलेको समय तथा वर्तमान समयमा अपनाएको पेसालाई पनि प्रमुख पहिचानका रूपमा चित्रण गरिएको छ, जुन कुरा ‘याम्बुनेर’ कथामा यसरी अभिव्यक्त भएको छ :

> ‘मो त विदेश जाने सोममाया । दाउरा काट्न दिन्न अपराधीहरूले । रक्सी केले पार्ने ? पैसाको मुखै देख्न पाइन्न ।’ पुनमले दाउराको भारी बिसाई । ऊ आगामी दिनको लागि चिन्तित थिई ।
>
> ‘हिन्ना पुनम ! मो नि जाने । जागिर खान पढाइ छैन । चार कक्षाको जाँच चल्दा आमा झुण्डिएर मार्‍यो ।’ सानुले पुनमको विचारलाई समर्थन गरी ।
>
> ‘मो त जान्नँ । तिमेरूले त अलिअलि भए नि अङ्ग्रेजी बुझ्छौ । मो त हराउँछ पिलेन चढ्ने बाटोमा । दाउरा बोक्न सकुन्जेल बोक्छु । रक्सी पार्छु । बेच्छु । मोईले जानेको यई हो ।’ सोममायाले जिद्दी गर्न यसरी नै सिकेकी थिई । (पृ. ५३)

माथिको साक्ष्यले जनजातिहरूको पेसा संस्कृति र जीवननिर्वाहसँग जोडिएको हुन्छ भन्ने कुरालाई बुझाएको छ। तामाङ संस्कृतिमा जाँडरक्सीलाई पवित्र मानिन्छ। यिनीहरूका हरेक शुभ अशुभ कार्यमा जाँडरक्सीले शुद्ध पार्ने वा चोख्याइने गरिन्छ तसर्थ यसको प्रयोग अनिवार्य हुने भएकाले यस समाजमा कतिपयले जाँडरक्सी बनाउने कार्यलाई नै मुख्य पेसा बनाएका हुन्छन् र आफ्नो जीवननिर्वाह गरिरहेका हुन्छन् । प्रस्तुत साक्ष्यले यही कुरालाई प्रष्ट्याएको छ भने योसँगै जीवननिर्वाहको प्रमुख साधन चाहिँ प्रकृति तथा वनजङ्गल हो भन्ने कुरालाई पनि जनाएको छ। दाउरा काट्न नपाएपछि रक्सी पार्न नसक्ने र रक्सी नपारेपछि पैसाको मुख देख्न नपाइने पुनमको कुराले यसैको पुष्टि गरेको छ । प्रस्तुत साक्ष्यमा परम्परागत पद्दतिबाट जीवननिर्वाह गर्न गाह्रो हुन थालेपछि कतिपयले वैदेशिक रोजगारीलाई वैकल्पिक पेसा बनाउन बाध्य हुनुपरेको सन्दर्भ प्रस्तुत भएको छ भने कतिपयको अन्य विकल्प नहुँदा जसरी पनि परम्परागत पेसालाई नै रोज्नुपर्ने विवशतालाई पनि प्रस्तुत गरिएको छ। यसले तामाङ जनजातिहरूको पेसा ठूला ठूला व्यापार व्यवसायसँग सम्बद्ध नभएर सामान्य जीवननिर्वाहमुखी हुने गरेको र पछिल्लो समयमा परिवर्तित राज्यव्यवस्थाले परम्परागत पेसागत पहिचानलाई धरासयी बनाउनुका साथै यिनीहरूको जीवननिर्वाह पद्धतिलाई नै सङ्कटमय तुल्याएको कुराप्रति सङ्केत गर्दै तामाङ जनजातीय पहिचानमा पेसागत पहिचान पनि महत्त्वपूर्ण रहेको कुरालाई उल्लेख गरिएको छ।

जीवन निर्वाहसँगै सामाजिक प्रतिष्ठा पनि महत्त्वपूर्ण हुन्छ र त्यो प्रतिष्ठा घरसँग जोडिएको हुन्छ अनि घर चाहिँ आर्थिक अवस्थासँग जोडिएको हुन्छ र जनजाति समुदायका लागि यी तीनवटै कुरा प्राप्त गर्न वैदेशिक रोजगारीमा जानुपर्छ भन्ने कुरालाई कथाकार थिडले ‘भगवान निवास’ कथामा यसरी उल्लेख गरेकी छन् :

> बा भन्नुहुन्थ्यो– ‘लौ भगवान, हाम्ले त सकेनौ यो घरको छानो फेर्न । तेरो हजुरबाउले बनाको हो यो छाप्रो पनि । अब त मक्किएर खस्न लागेको छ यस्को भाटाहरू । तँ जवान भएपछि काश्मिर जानू ! जसरी भए पनि एउटा घरचैँ गजबकै बनाउनू ! ... यो संसारले देख्ने भनेकै घर हो । घरभित्र त सिस्नै खाए नि हुन्छ । कस्ले देख्छ र ? लु है तेरै भर छ हाम्लाई ।’

मलाई बाको कुरा ठिक लागेको हो । छोरा मान्छे भएपछि यत्ति त गर्नै पर्‍यो नि । म कश्मिर त गइनँ । एक्काईस वर्ष टेक्दाटेक्दै साउदी अरबचै गएँ । छ वर्ष बसेर फिनिस्ड आएँ । छ वर्षको बीचमा जम्माजम्मी एकपटक मात्रै घर आएँ ।

माथिको साक्ष्यले वैदेशिक रोजगारीमूलक पेसा पनि परम्परादेखि जनजातीय पहिचान बनेको कुराको पुष्टि गरेको छ । सामान्य गाउँले जीवन नै भए पनि घरको स्वरूपले समाजमा व्यक्तिको प्रतिष्ठा कस्तो छ भन्ने कुराको पहिचान गराउने हुनाले घर सुन्दर हुनुपर्ने मान्यता रहेको तर गाउँमै बसेर भनेजस्तो घर बनाउन नसक्ने हुनाले पुरानो समयमा पनि तामाङ जनजातिहरू काश्मिर अर्थात् विदेशी भूमिमा पैसा कमाउन जाने गरेको कुरा माथिको सन्दर्भबाट थाहा हुन्छ । वर्तमानमा पनि अन्य पेसामा पहुँच नहुँदा यस जातिका युवाहरूले विदेशी भूमिमा नै श्रम गरेर आफ्नो सामाजिक प्रतिष्ठा जोगाउनुपरेको कुरालाई पनि माथिको सन्दर्भले नै पुष्टि गरेको छ । यसले विगतमा होस् वा वर्तमानमा तामाङ जनजातिका युवाहरूले आफ्नो जीवाननिर्वाहका लागि वैदेशिक रोजगारलाई पनि मुख्य पेसाकै रूपमा अपनाउँदै आएको वास्तविकतालाई प्रस्तुत गरेको छ । काश्मिर होस् या साउदी जहाँ गए पनि जनजातिहरू आर्थिक उपार्जनका लागि जाने गर्छन् र आर्थिक उपार्जन भन्नेबित्तकै पेसासँग नै सम्बन्धित हुन्छ । तसर्थ वैदेशिक रोजगार पनि तामाङ जनजातिको अर्को मुख्य पेसागत पहिचान हो भन्ने कुरालाई कथामा महत्त्वपूर्ण ढङ्गका साथ चित्रण गरिएको छ ।

निष्कर्ष

याम्बुनेर बिना थिङद्वारा लिखिति कथासङ्ग्रह हो । यिनी वि. सं. २०६० को दशकमा नेपाली कथाक्षेत्रमा देखापरेकी पहिचानवादी कथाकार हुन् । पहिचानले व्यक्ति तथा समुदायको गुण, विशेषता, तिनका जीवनशैली आदिलाई बुझाउँछ भने जनजातीय पहिचानले जनजातिहरूको गुण वा विशेषतालाई चिनाउँछ । जनजातिहरूको पहिचान तिनले बोल्ने भाषा, तिनको परम्परागत संस्कृति, जीवनका मूल्यमान्यता, रहनसहन, पेसा, खानपान आदिबाट निर्मित भएको हुन्छ । त्यसैले जनजातीय अध्ययनमा यसलाई महत्त्वपूर्ण अवधारणाको रूपमा लिइन्छ । यद्यपि यो सामाजिक-ऐतिहासिक र सांस्कृतिक परिवेश तथा परिस्थितिअनुसार भिन्न भिन्न हुने हुनाले राई, लिम्बू, मगर, गुरुङ, तामाङ आदि जनजातिको पहिचान पनि भिन्न भिन्न हुन्छ । प्रस्तुत *याम्बुनेर* कथासङ्ग्रहका कथा तामाङ जनजातीय पहिचानसँग सम्बद्ध छ । यस सङ्ग्रहमा सङ्गृहीत कथामा तामाङ जातिले बोल्ने भाषा, तिनका परम्परागत धर्म, संस्कार र संस्कृति, सांस्कृतिक मूल्यमान्यता, खानपान, पेसा र जीवनशैलीलाई प्रमुख पहिचानका रूपमा प्रस्तुत गरिएको छ ।

पात्रको नामकरण र ठाउँ ठाउँमा तिनले बोल्ने संवादमा तामाङ भाषाको प्रयोग गरेर भाषिक पहिचानलाई प्रस्तुत गरिएको छ भने तामाङ जनजातीय परम्पराअनुसार गरिने पूजापाठ, तिनका लोकसंस्कृति, चाडपर्वप्रतिको आस्था र निष्ठा तथा मृतकका नाममा गरिने कर्मकाण्डका माध्यमबाट विभिन्न सांस्कृतिक पहिचानलाई प्रस्तुत गरिएको छ । त्यसैगरी यस समुदायका मानिसका दिनचर्या, तिनको जीवनशैली, पाहुनापासालाई गरिने स्वागत सत्कार र त्यसबेला प्रयोग गरिने खाद्यवस्तुका माध्यमबाट खाद्यपहिचान र तिनले गर्ने आर्थिक उपार्जनका गतिविधि तथा तिनले अपनाएका पेसाका माध्यमबाट पेसागत पहिचानलाई चिनाइएको छ । समग्रमा याम्बुनेर कथासङ्ग्रहका कथाहरू तामाङ जनजातीय पहिचानका दृष्टिकोणबाट उत्कृष्ट रहेको ठहर गरिएको छ ।

कृतज्ञताज्ञापन

प्रस्तुत अनुसन्धानात्मक लेख मेरो दर्शनाचार्य तहको शोधप्रबन्ध *समकालीन नेपाली कथामा जनजातीय चेतना* शीर्षकमा आधारित छ । दर्शनाचार्य तह अध्ययनार्थ विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरले दर्शनाचार्यवृत्ति (Mphil-80/81-H&S-06) प्रदान गरी पठनपाठन तथा शोधप्रबन्धलेखनमा उल्लेखनीय सहयोग पुऱ्याएकोमा म विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै मेरो लेखलाई स्थान दिई प्रकाशन गरिदिने सहयात्रा नेपाल भोजपुरप्रति विशेष आभार प्रकट गर्दछु ।

ISSN: 2594-3154 (Print)

SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025

सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८). सिद्धान्तका कुरा. अक्षर क्रियसन्स नेपाल ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी १९,* पृ. ११-४६ ।

घर्ती, दुर्गाबहादुर (२०८१). *सांस्कृतिक अध्ययन*. इन्डिगो इन्क प्रा. लि. ।

थिङ, बिना (२०७७). *याम्बुनेर.* फिनिक्स बुक्स ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति*. विमर्श नेपाल ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङगिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

यात्रु, कुमार (२०७८). *परम्परागत आदिवासी ज्ञान.* इन्डिजिनियस मिडिया फाउण्डेशन ।

Barker, C. (2004). *The sage dictionary of cultural studies*.Sage Publications.

Hall. S. (2019). Old and new ethnicities. In D. Morley (Ed.), *Old and new identities. Essential essays, identity and diaspora* (Volume 2, pp. 63-82). Duke University Press.